# नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेंसी, काभ्रेपलाञ्चोक

# नमोबुद्ध नगरपालिका क्षेत्र भित्रको बिक्री तथा निकासी शुल्क दस्तुर उठाउने सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५।०३।१८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ. (६) अनुसार यस नगरपालिकाबाट आ.ब. २०७५।७६ (२०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म) को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तोकिएको दररेटमा स्वीकृत खानी क्षेत्रहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा निर्धारित परिमाणमा उत्पादन गरिएका रोडा, ढुंगा, बालुवा, ग्राभेल र माटो बिक्री तथा निकासी शुल्क दस्तुर संकलनको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र खरीद गरी पेश गर्न यो सुचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

**ठेक्का सम्बन्धी विवरण :-**

<table>
<tr><th>क्र.स</th><th>आन्तरिक आय ठेक्का संकेत</th><th>ठेक्काको विषय क्षेत्र</th><th>आ.व.२०७४/७५ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक)</th><th>वोलपत्र फाराम दस्तुर</th><th>धरौटी/ जमानत रकम</th><th colspan="3">स्विकृत दररेट</th></tr>
<tr><td rowspan="3">१.</td><td rowspan="3">१/IR/ ०७५/७६</td><td rowspan="3">नमोबुद्ध नगरपालिका क्षेत्रका प्राकृतिक एवं खानीजन्य वस्तु (ढुंगा, गिटी,ग्राभेल, बालुवा, रोडा आदि) को बिकी शुल्क दस्तुर संकलन</td><td rowspan="3">१,४४,००,०००।– (एक करोड चौवालिस लाख मात्र)</td><td rowspan="3">५,०००।–</td><td rowspan="8">मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशत</td><td>मालवस्तुको नाम</td><td>ईकाई</td><td>शुल्कको दर रु.(मू.अ.कर बाहेक)</td></tr>
<tr><td>ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा</td><td>प्रति घ.फि.</td><td>रु ३।००</td></tr>
<tr><td>माटो</td><td>प्रति घ.फि.</td><td>रु.१।००</td></tr>
<tr><td rowspan="5">२</td><td rowspan="5">२/IR/ ०७५/७६</td><td rowspan="5">नमोबुद्ध नगरपालिका क्षेत्रभित्र उत्पादन भइ निकासी हुने मालवस्तुहरु (ढुंगा, गिटी, ग्राभेल, बालुवा, रोडा, काठ आदि) मा निकासी शुल्क दस्तुर संकलन</td><td rowspan="5">१,१५,००,०००।– (एक करोड पन्ध्र लाख मात्र)</td><td rowspan="5">५,०००।–</td><td>मालवस्तुको नाम</td><td>ईकाई</td><td>शूल्कको दर रु.(मू.अ.कर बाहेक)</td></tr>
<tr><td>ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल र रोडा डा (निजी जग्गामा उत्पादित समेत)</td><td>प्रति घ.फि.</td><td>रु ३।००</td></tr>
<tr><td>माटो</td><td>प्रति घ.फि.</td><td>रु.१।००</td></tr>
<tr><td>सिसौ,साल (चट्टा गोलिया, चिरान)</td><td>प्रति ट्रक</td><td>रु.३००।–</td></tr>
<tr><td>अन्य काठ (चट्टा गोलया, चिरान)</td><td>प्रति ट्रक</td><td>रु.२००।–</td></tr>
</table>

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काहरुको लागि प्रत्येक बिषयको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ।

२. बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपी, फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन र ठेक्का नं. १,२/IR/२०७५/७६ को हकमा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७५।४।१५गते) को कार्यालय समय भित्र नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भकुण्डेबेंसीको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस)औं दिन (मिति २०७५।४।१६ गते )को १२:०० बजे भित्रमा यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा बोलपत्र दाखिला गर्न सकिनेछ।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखामा रहेको धरौटी हिसाब नं. १०४०३०३००७१०३ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानी–पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत सम्बन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर बापतको रकम समेतको कार्य सम्पादन जमानी पत्र सहित संझौता गर्न आउनु पर्नेछ।

७. ठेकेदारले संझौतामा तोकिएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। कर तथा सेवा शुल्कको दररेट बोलपत्र फारामसाथ उपलव्ध गराईनेछ।

८. यस सूचनामा उल्लेखित क्षेत्रका अलावा नयां क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२।१०।२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत **IEE**को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मुल्य असुल गर्नेछ।

९. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै–झमेला पर्न आएमा सो को समाधान गर्न नगरपालिकाले निर्णय गर्नेछ।

१०. सेवा शुल्क तथा कर उठाउने सम्पुर्ण दायित्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी बहन गर्ने छैन साथै प्रचलित कानुन बमोजिम तिर्नपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले बुझाउनु पर्नेछ।

११. रोडा, ढुंगा, बालूवा, ग्राभेल, माटो बिक्री ठेक्कामा स्वीकृत खानी क्षेत्रबाट रोडा, ढुंगा, बालुवा, ग्राभेल, माटो निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाईने छैन, साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ७०० मिटर छोडेर IEE प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा, ढुंगा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ।

१२. परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीको कारण केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइनेछैन।

१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ।

१४. भू–क्षय तथा नदी प्रवाहको दिशा परीवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो संकलन तथा उत्खनन गर्न पाईने छैन।

१५. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१७. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।